निर्वाचन आयोग, नेपाल

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
# प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२
रुपन्देही

मितिः २०८२/११/१२

**श्री जिल्ला स्थित सम्पूर्ण उद्योग संघ,**
**उद्योग बाणिज्य संघ/उद्योग व्यापार संघ लगायतका संघ/संस्थाहरु ।**

**निर्वाचन आचारसंहिता, २०८२ पालना सम्बन्धमा।**

निर्वाचन आचारसंहिता, २०८२ को परिच्छेद ४ को दफा १३ (घ) मा जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, व्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्ने नहुने भन्ने व्यहोरा उल्लेख रहेको छ । सो सम्बन्धमा मिति २०८२/११/१९ गते पर्ने होली पर्वलाई लक्षित गरी चिर्वाचन चिन्ह र उम्मेदवारका तस्विर अंकित भेष्ट, टि-सर्ट, कमिज, गम्छा लगायतका कपडाहरु बजारमा विक्री वितरणका लागि ओसार पसार हुन सक्ने सम्भावना देखिएकोले त्यस्ता गतिविधिहरु आचारसंहिता विपरित भएकोले तुरुन्त रोक्न आवश्यक समन्वय एवं सहयोग गरिदिनुहुन अनुरोध छ । साथै आचारसंहिता उल्लंघनका त्यस्ता कुनैपनि गतिविधिहरु भएमा सम्पूर्ण सामग्रीहरु जफत गरिने र कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

**बोधार्थ :-**

श्री जिल्ला प्रहरी कार्यालय, रुपन्देही । :- (जिल्ला भित्र मातहतका सम्पूर्ण युनिटहरुमा पत्राचार गरी उल्लेखित गतिविधिहरु उपर निगरानी राखी आवश्यकता अनुसार नियन्त्रण एवं कारवाही गरी सो को जानकारी यस कार्यालयमा समेत गराउनुहुन)

२०८२/११/१२
..........................................
(मातृका आचार्य)
निर्वाचन आचार संहिता अनुगमन अधिकृत
एवम्
सहायक प्रमुख जिल्ला अधिकारी रुपन्देही।